कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.०६/०८२/८३

आज मिति २०८२।०७।२४ गते सोमबार दिउँसो १:३० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०६/०८२/८३(छैठौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | विजय अधिकारी | प्रशासन शाखा प्रमुख | | |
| २. | महन्त ठाकुर | खरिदार | | |
| ३. | श्यामबाबु यादव | का.स. | | |

# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं. ०६/०८२/८३ मिति २०८२/०७/२४ गतेको एजेण्डा तथा छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

१. आर्थिक सहायता, धर्म संस्कृती र दैवी प्रकोप वितरण सम्बन्धी ऐन २०८० को दोस्रो संसोधन सम्बन्धमा।

निर्णय: आर्थिक सहायता, धर्म संस्कृति र दैवी प्रकोप वितरण सम्बन्धि ऐन २०८० को दफा ३ को उपदफा ५ देहाय अनुसार संसोधन गर्ने र लागू गर्ने निर्णय गरियो। साथै सो संसोधित ऐनको प्रमाणीकरणको लागी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

| पहिलेको व्यवस्था (पहिलो संसोधन २०८१मा) | संसोधितं व्यवस्था (दोस्रो संसोधन २०८२मा) |
| --- | --- |
| उपदफा १ बमोजिम वडा समितीको कार्यालयमा आर्थिक सहायताको लागि निवेदन आएमा वडा अध्यक्षले बढीमा १ पटकमा रू. ३०००(तीन हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ। यसरी आर्थिक सहायताको लागि एउटै व्यक्ति निवेदन दिएमा एक पटकमा रू. ३००० गर्ने गरि एउटै व्यक्तिलाई वर्षमा पटक पटक गरि रू. १५०००( पन्ध्र हजार सम्मं मात्र) आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछन् र सो भन्दा बढि आर्थिक सहायता गर्नुपर्ने भएमा वडा समितीको निर्णय बमोजिम हुनेछ। | उपदफा (१) बमोजिम वडा समितिको कार्यालयमा आर्थिक सहायताको लागि निवेदन आएमा वडा अध्यक्षले बढीमा एक पटकमा १००००।— (दश हजार मात्र) सम्म आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ। यसरी आर्थिक सहायताको लागि एउटै व्यक्ति निवेदन दिएमा एक पटकमा १००००।—(दश हजार मात्र) गर्ने गरी एउटै व्यक्तिलाई बर्षमा पटक पटक गरी बढिमा ३००००।—(तीस हजार सम्म मात्र) आर्थिक सहयोग उपलब्ध गराउन सक्ने छन् । |

२. छठिया पार्क उदघाटनको तयारी समिती गठन सम्बन्धमा।

निर्णयः कलैया उपमहानगरपालिका अन्तर्गतको वडा नं. ७ मा रहेको छठिया पार्क उदघाटनको तयारी समितीमा देहाय अनुसारको सदस्यहरु रहने गरि समिती गठन गर्ने निर्णय गरियो।

संयोजक- श्री शेषनाथ प्र. साह तेली, वडाध्यक्ष, वडा नं. १६

सदस्य- श्री सैफूल्लाह मिया अंसारी, वडा नं. ७

सदस्य- श्री ई.किशोर यादव, प्राविधिक शाखा

सदस्य- श्री एनामुल हक अंसारी, वातावरण शाखा

सदस्य सचिव- ई. माधव यादव, योजना शाखा

३. बजारको सानो सटर निर्माण सहयोग टेन्डर सम्बन्धमा।

निर्णयः यस उपमहानगरपालिका अन्तर्गत वडा नं. १ बजार भित्र सटर नं. १५१ को निर्माण सहयोग र मासिक भाडामा लगाउन निर्माण बापत न्युनतम रकम रू. ६००००० र मासिक भाडा बापत रू. २५०० राखी गोप्य शिलबन्दि दरभांउपत्र पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो।

४. जिन्सी मालसामान मिनाहा सम्बन्धमा।

निर्णयः यस कलैया उपमहानगरपालिकाको आ.व. २०८१/८२ मा जिन्सि निरिक्षण प्रतिवेदनमा उल्लेख भएका काम नलाग्ने जिन्सि मालसामान लिलाम भईसकेका तथा लिलाम हुने मालसामान जिन्सि मिनाहा गर्न आवश्यक रहेकोले मिनाहा गर्ने निर्णय गरियो।

५. दुर्गा मन्दिर धर्मशाला संचालक समिति वडा नं. ५ लाई आर्थिक सहयोग सम्बन्धमा।

निर्णयः श्री दुर्गा मन्दिर धर्मशाला संचालक समिति बरेवा वैरिया, कलैया उपमहानगरपालिका ५ लाई कलैया उपमहानगरपालिकाको वडा नं. ७ बैरिया टोलमा रहेको छठिया पोखरीमा छठ पर्वको खर्च बापत विगत वर्ष झैं यस आ.व.मा पनि रकम रू. १५०००० (एक लाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो।

६. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा

निर्णयः चालु आ.व. २०८२/८३ मा विभिन्न वडागत तथा नगरस्तरीय योजनाहरुको नगर उपप्रमुख ज्यूको संयोजकत्वमा मिति २०८२ भदौ १६ गतेदेखि कार्तिक २१ जम्मा १५ वटा अनुगमनहरुको अनुमोदन गर्ने निर्णय गरियो।

७. नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स, मधेश प्रदेश लाई आर्थिक सहयोग सम्बन्धमा।

निर्णयः नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स, मधेश प्रदेशले यस कार्यालयमा मिति २०८२/०६/२७ गतेको निवेदन अनुसार बंगलादेशको राजधानी ढाकामा आयोजना हुन गइरहेको बंगलादेश ट्राभल एण्ड टुरिज्म फेयर नामक अन्तर्राष्ट्रिय पर्यटन प्रदर्शनीमा मधेश प्रदेशको पर्यटकीय क्षेत्रहरुको प्रवर्दन र प्रचारप्रसार गर्नको लागी यस उपमहानगरपालिकाबाट रकम रू. ५०००० सहयोग गर्ने निर्णय गरियो।

८. पेश्की फस्यौंट सम्बन्धमा

निर्णयः प्रस्तुत विषयमा कलैया उपमहानगरपालिका १० बस्ने वर्ष ६८ का मोकिम महमद धुनियाले आ.व. २०६५/६६ र २०६६/६७ मा तत्कालिन गा वि स मटिअर्वामा नहर मर्मत कार्य र मुस्लिम समुदायको धार्मिक भवन निर्माणको लागि लिएको पेश्कीको लागि सम्मानित उच्च अदालत जनकपुर अस्थाई इजलास विरगंजको मिति २०८२/०२/२६ गतेको परमादेश र निजको निवेदन अनुसार निजले माग गरेको जरिवाना छुट दिई पेश्की फस्यौंटको काम गर्ने निर्णय गरियो।

९. म्याद थप सम्बन्धमा।

निर्णयः यस कार्यालयको ठे.नं. १४- KSMC/NCB/WORKS-14-081/82 (बालमन्दिर देखी सिद्धेश्वर मन्दिर सम्म बाटो र नाला निर्माण कार्यमा स्थानीय वादविवादले गर्दा समयमा काम सम्पन्न हुन नसकेकोले निर्माण व्यवसायी भारती बिल्डर्सको मिति २०८२/०७/१७ गतेको निवेदन अनुसार आ.व. २०८२/८३ को पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

१०. आर्थिक सहायता सम्बन्धमा।

क. कलैया उपमहानगरपालिका वडा नं. ५ का स्थायी वासिन्दा विरेन्द्र थवई उपचारको लागि रकम रू. ४०,००० आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

ख. कलैया उपमहानगरपालिका वडा नं. १८ मा मल खाद वितरण गर्ने शिलशिलामा ललिता देवीको पति नन्दलाल मुखियालाई स्थानीयहरुले कुटपिट गरि घाईते बनाई एल.एस. न्यूरो अस्पतालमा उपचार भईरहेकोले श्रीमती ललिता देवीलाई रू. २५००० आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ग. कलैया उपमहानगरपालिकाको महिला शान्ति समूह लाई २०८२ सालको तीज पर्वमा महिला हिंसा विरुद्धको चेतना फैलाउने उद्धेश्य तथा मनोरञ्जन समेतका लागी रु. ५०००० आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

११. संघीय शशर्त योजना कार्यान्वयन सम्बन्धमा।

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौको मिति २०८२/०६/०७ गते जारी भएको प्रेस विज्ञप्तीको बुँदा नं. १४ मा **रू. १० लाख भन्दा बढिका आयोजनाहरु उपोभोक्ता समितीबाट कार्यान्वयन नगर्ने/नगराउने** भन्ने उल्लेख भएकोमा सम्मानित श्री सर्वोच्च अदालतको मिति सम्वत् २०८२ कार्तिक २३ गतेको अन्तरिम आदेश अनुसार अर्थ मन्त्रालयको २०८२/०६/०७ गते जारी भएको प्रेस विज्ञप्तीको बुँदा नं. १४ मा उल्लेख भएको विषय हाललाई कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी गरिएकोले सोहि आदेशको पालना गरि उपभोक्ता समितिबाट खरिद प्रकृया योजना कार्यान्वयन गर्ने निर्णय गरियो।